आजिरकोट गाउँपालिका
**Ajirkot Rural Municipality**
गाउँकार्यपालिकाको कार्यालय
**Office of Rural Municipal Executive**
भच्चेक, गोरखा
**Bhachchek, Gorkha**
गण्डकी प्रदेश, नेपाल
**(Gandaki Province, Nepal)**

प.सं.(Reference No.) : २०७९/०८०
च.न.

गाउँपालिकाको लोगो डिजाइन सम्बन्धि प्रस्ताव आह्वनको सूचना
सूचना प्रकाशन मिति २०८० बैशाख ०७ गते

**"दिगो विकास हाम्रो सोच, सुन्दर शान्त समृद्ध अजिरकोट"** दिर्घकालिन सोचका साथ नागरिकको सहज र सरल पहुँचमा सार्वजनिक सेवा प्रवाहका लागि प्रतिवद्ध यस गाउँपालिकाको आफ्नो छुट्टै लोगो डिजाइन गर्नुपर्ने भएको हुँदा तपसिलमा उल्लेख भए बमोजिमका शर्तका अधिनमा रही लोगो डिजाइन गरी मिति २०८० बैशाख २१ गतेसम्म यस कार्यालयमा पेश गर्नुहुन यो सुचना प्रकाशन गरिएको छ ।

**१. लोगो डिजाइन सम्बन्धमा**

१.१ गाउँपालिकाको नाम र नेपालको झन्डा अनिर्वाय समावेश हुनुपर्नेछ ।

१.२ लोगोले समग्र गाउँपालिकाको भौगोलिक, प्राकृतिक, सांस्कृतिक तथा सामाजिक ,पहिचान, भाव, विशेषता तथा विशिष्टता झल्कीने प्रकृतिको हुनुपर्ने छ ।

१.३ अन्य गाउँपालिकाको लोगोभन्दा भिन्न मौलिक डिजाइनयुक्त हुनुपर्ने छ ।

१.४ लोगोमा समावेश भएका चित्र तथा शब्दहरुको मौलिक व्यख्या तथा विश्लेषण समेत समावेश भएको हुनुपर्नेछ ।

१.५ अन्य गाउँपालिकाको लोगोबाट प्रभावित भै डिजाइन गरिएको भए त्यसरी साभार गरिएको लोगोलाई सन्दर्भको रुपमा लिनुको कारण उल्लेख गर्नुपर्ने हुन्छ ।

१.६ कुनै पनि जातिय विभेद, साम्प्रदायिकता, सार्वभौमिकता, राष्ट्रिय एकता र अखण्डतमा आँच आउने संकेत आउने संकेत प्रयोग गर्न पाईने छैन ।

१.७ स्वीकृत लोगोको सर्वाधिकार गाउँपालिकामा रहनेछ र डिजाइनकर्ताले अन्यत्र प्रयोग गर्न पाईने छैन ।

**२. प्रस्ताव पेश गर्नका लागि प्राथमिकता**

२.१ प्रस्ताव पेश गर्ने कार्यका लागि खुल्लारुपमा यो प्रकाशन गरिए बमोजिम सबैको सहभागिताका खुल्ला गरिएको छ । सबै सरकारी, सामुदायिक तथा सो प्रकृतिका संस्थामा कार्यरत कर्मचारीहरु समेत सहभागि हुन पाउनेछन् ।

**३. डिजाइनसाथ पेश गर्नुपर्ने कागजातहरु**

३.१ लोगोमा प्रयोग भएका रङ्ग, शब्द र चित्रहरुले अभिव्यक्त गर्ने अर्थको व्याख्या तथा विश्लेषण ।

३.२ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

३.३ लोगोको डिजाइन पेश गरेको व्यहोराको निवेदन (प्रमुख प्रशासकीय अधिकृतलाई सम्बोधन गर्नुपर्ने )

**४. डिजाइनसाथ पेश गर्न सकिने माध्यम**

४.१ डिजाइन गरिएको लोगो र सो को सफ्ट कपी यस कार्यालयको प्रशासन शाखामा प्रत्यक्ष पेश गर्न सक्ने वा विद्युतीय माध्यमबाट पेश गर्नका लागि ajirkotrm@gmail.com मा प्रेषित गर्न सकिनेछ ।

**५. पारिश्रमिक तथा सुविधा**

५.१ पाप्त हुन आएको मध्येबाट छनौट हुने सर्वोत्कृष्ट लोगो (१ वटा) लाई रु २५ हजार (कर सहित) परिश्रमिक तथा सम्मान पत्र उपलब्ध गराइनेछ ।

पुनश्चः-थप जानकारीको लागि सूचना अधिकारी (अमरराज पगेनी), सर्म्पक नम्बरः-९८४६२८८३२३

2080/01/06

(नवराज अवस्थी)
प्रमुख प्रशासकीय अधिकृत

नवराज अवस्थी
प्रमुख प्रशासकीय अधिकृत